# आवधिक योजना, स्थानीय तहको पारस्परिक अर्न्तसम्वन्ध र जवाफदेहिता





डा खिमलाल देवकोटा, उपाध्यक्ष
प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं ३

जेष्ठ २९ २०७६

# संविधानको मुलभुत सार

## मुलुकको दिशा

- दिगो शान्ति, सुसासन, विकास र समृद्धि ।

## राज्यको संरचना

- नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने (धारा ५६)

## आर्थिक नीति

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत अर्थतन्त्र सुदृढ गर्ने(धारा ५१)

## आर्थिक अधिकारको प्रयोग


- आफनो अधिकार भित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानून वनाउने, वार्षिक बजेट वनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने (धारा ५९(१)

## तीन तहविचको सम्वन्ध


- सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने ( धारा २३२)

# संघीय नेपाल : अधिकारको बाँडफाँड

- राज्यको संरचना (धारा ५६)
- राज्यशक्तिको बाँडफाँड (धारा ५७)
- आर्थिक अधिकारको प्रयोग (धारा ५९)
- राजश्व श्रोतको बाँडफाँड (धारा ६०)



# राज्य शक्तिको स्रोत - जनता




संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम राज्य शक्तिको प्रयोग गर्ने

# स्थानीय तहको वस्तुस्थिति विवरण, २०७६ ले समेटेका प्रमुख विषयहरू

- स्थानीय तहको जनसङ्ख्या, जनघनत्व, उमेर समूह, लैङ्गिक अनुपात, जमिन र घरमा महिलाको स्वामित्व, प्रमुख जातजाति र मातृभाषा
- स्थानीय तहको शिक्षा, स्वास्थ्य र अपाङ्गताको अवस्था
- लोपोन्मुख जाति, अति सिमान्तकृत समुदाय, सिमान्तकृत समुदाय, सुविधाबाट वञ्चित समुदाय र दलित समुदाय
- बैंक र सहकारी संस्थाहरूको अवस्था
- उद्यम/आर्थिक एकाइहरू
- विपदका कारण मृत्यु हुनेको, घाइते हुनेको र क्षतिग्रस्त भवन/संरचनाको विवरण
- सबै स्थानीय तहको मानव विकास सूचकाङ्क
- स्थानीय जनप्रतिनिधिहरूको समग्र र पदाधिकारीहरूको लैङ्गिक अवस्था
- स्थानीय तहको कार्यालय भवन, टेलिफोन सुविधा र इमेल तथा इन्टरनेट सुविधाको अवस्था

# नेपालमा प्रदेश नं. ३




जनसंख्याको दृष्टिकोणबाट सबैभन्दा ठूलो प्रदेश: कूल जनसंख्याको २०.८७%

कुल गाहस्थ्र्य उत्पादनमा अग्रणी (41.36 % of national GDP)

मानव विकास सूचकाङ्कमा प्रथम स्थानमा: 0.558 (नेपाल 0.490)

सवभन्दा वढी Per Capita Income: $1917 (National Average $1047)

सवभन्दा वढी Out Migration:47.3 % (National Average 36.2%)

# प्रदेशका स्थानीय तहको सामन्य विश्लेषण

| जिल्ला | स्थानीय तहको संख्या | स्थानीय तहको कुल जनसंख्या | स्थानीय तहको कुल क्षेत्रफल | कुल वडा संख्या | शहरी जनसंख्या प्रतिशत | स्थानीय तहको कुल जनसंख्याको प्रतिशत | स्थानीय तहको कुल भूगोलको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | ९ | २९५७४१ | २५१३ | ७९ | ४४.०८ | ५.४३ | १२.९६ |
| रामेछाप | ८ | २०१४३६ | १५६७ | ६४ | ३६.७५ | ३.७० | ८.०८ |
| दोलखा | ९ | १८५४९३ | २२७० | ७४ | २५.८७ | ३.४१ | ११.७१ |
| सिन्धुपाल्चोक | १२ | २८७८१८ | १८७९ | १०३ | ४१.१९ | ५.२९ | ९.६९ |
| काभ्रेपलाञ्चोक | १३ | ३७५२२१ | १३९५ | १३५ | ६२.५१ | ६.८९ | ७.१९ |
| ललितपुर | ६ | ४५७६०६ | ३९७ | ७१ | ९२.९६ | ८.४१ | २.०५ |
| भक्तपुर | ४ | २९८६८४ | १२४ | ३८ | १००.०० | ५.४९ | ०.६४ |
| काठमाण्डौ | ११ | १६९९२८८ | ४३४ | १३८ | १००.०० | ३१.२२ | २.२४ |
| रसुवा | ५ | ४२१३३ | २०८५ | २७ | ०.०० | ०.७७ | १०.७५ |
| नुवाकोट | १२ | २७५७७५ | १०८० | ८८ | ३४.१७ | ५.०७ | ५.५७ |
| धादिङ | १३ | ३३६४२४ | २०३६ | १०४ | २६.६२ | ६.१८ | १०.५० |
| मकवानपुर | १० | ४१९३७७ | २२८१ | १०२ | ४६.३८ | ७.७० | ११.७६ |
| चितवन | ७ | ५६७९८८ | १३३४ | ९८ | ९५.६० | १०.४४ | ६.८८ |
| प्रदेश जम्मा | ११९ | ५४४२९८४ | १९३९३ | ११२१ | ७२.५७ | १००.०० | १००.०० |

**प्रदेशको शहरी जनसङ्ख्या : ७२.५७ %** Kath (3) 61 %, Chitwan 14 %, Kavre 6 %, Makawanpur 5 % : Total 86 %

**प्रदेशको कुल जनसंख्यामा भ्यालीका जिल्ला : ४५.११ प्रतिशत**

# प्रदेश जिल्लाका मानव विकास सूचकाँकको अवस्था

| सि.नं. | जिल्ला | सुचक | Ranking(७५) |
|---|---|---|---|
| | राष्ट्रिय औषत | ०.४९ | |
| १ | काठमाण्डौ | ०.६३२ | १ |
| २ | ललितपुर | ०.६०१ | २ |
| ३ | भक्तपुर | ०.५७३ | ४ |
| ४ | चितवन | ०.५५१ | ६ |
| ५ | काभ्रेपलाञ्चौक | ०.५२ | १० |
| ६ | मकवानपुर | ०.४९७ | २२ |
| ७ | रामेछाप | ०.४६८ | ३९ |
| ८ | नुवाकोट | ०.४६६ | ४० |
| ९ | रसुवा | ०.४६१ | ४४ |
| १० | धादिङ्ग | ०.४६१ | ४५ |
| ११ | दोलखा | ०.४५९ | ४७ |
| १२ | सिन्धुपाल्चौक | ०.४५५ | ४९ |
| १३ | सिन्धुली | ०.४४ | ५२ |


मानव विकास सूचकमा उच्चतम १५ स्थानीय तह ( काठ ८, लपु/भक्त.२/२, काभ्रे, चित र मक १ /१ )

| सिनं | जिल्ला | स्थानीय तह | HDI |
|---|---|---|---|
| १ | काठमाडौ | काठमाडौ महानपा | ०.६८३ |
| २ | ललितपुर | ललितपुर महानपा | ०.६५८ |
| ३ | काठमाडौ | किर्तीपुर नपा | ०.६५० |
| ४ | काठमाडौ | टोखा नपा | ०.६४३ |
| ५ | काठमाडौ | चन्द्रागिरी नपा | ०.६३९ |
| ६ | काभ्रे | वनेपा नपा | ०.६३६ |
| ७ | ललितपुर | महालक्ष्मी नपा | ०.६३६ |
| ८ | काठमाडौ | वुढानिलकण्ठ नपा | ०.६३५ |
| ९ | चितवन | भरतपुर महानपा | ०.६२२ |
| १० | काठमाडौ | कागेश्वरी मनहरा नपा | ०.६२२ |
| ११ | काठमाडौ | गोकर्णनेश्वर नपा | ०.६२० |
| १२ | काठमाडौ | नागार्जुन नपा | ०.६१९ |
| १३ | मकवानपुर | हेटौडा उपमहानपा | ०.६०० |
| १४ | भक्तपुर | मध्यपुर ठिमी नपा | ०.५९८ |
| १५ | भक्तपुर | भक्तपुर नपा | ०.५९३ |

## मानव विकास सूचकमा न्यूनतम १५ स्थानीय ( सिन्धुली ५, सिन्धुपा रसु नुवा मक २/२, धादि १ र दोलखा १)

| सिनं | जिल्ला | स्थानीय तह | HDI |
|---|---|---|---|
| १ | धाधिङ्ग | रुवी भ्याली गापा | ०.३९८ |
| २ | सिन्धुपाल्चोक | पाँचपोखरी थङपाल गापा | ०.४१० |
| ३ | सिन्धुली | ध्याङलेख गापा | ०.४१२ |
| ४ | रसुवा | नौकुण्ड गापा | ०.४१४ |
| ५ | सिन्धुली | मरिन गापा | ०.४१६ |
| ६ | मकवानपुर | कैलाह गापा | ०.४१६ |
| ७ | सिन्धुली | हरिहरपुरी गापा | ०.४१६ |
| ८ | मकवानपुर | राक्सीराङ गापा | ०.४१६ |
| ९ | सिन्धुली | दुधौली नपा | ०.४१८ |
| १० | सिन्धुपाल्चोक | हेलम्वु गापा | ०.४२० |
| ११ | रसुवा | आमाछोदिङमा गापा | ०.४२३ |
| १२ | नुवाकोट | दुप्तेश्वर गापा | ०.४२५ |
| १३ | नुवाकोट | तारकेश्वर गापा | ०.४२६ |
| १४ | सिन्धुली | फिक्कल गापा | ०.४३१ |
| १५ | दोलखा | गौरीशंकर गापा | ०.४३१ |

# (आवधिक)योजनाको सैद्धान्तिक पक्ष







**योजनाका प्रकार**


**क. कार्यक्षेत्र र स्थानगत आधारमा**

- राष्ट्रिय आवधिक विकास योजना (National Periodic Development Plan)
- प्रादेशिक आवधिक विकास योजना (Provincial Periodic Development Plan)
- स्थानीय तहको आवधिक विकास योजना (Local Level Periodic Development Plan)

**ख. समयका आधारमा**

- दीर्घकालीन योजना/सोच (Long Term Plan/Vision)
- मध्यमकालीन योजना (Medium Term Plan)
- वार्षिक योजना (Annual Plan)


# विभिन्न तहका योजनाको लक्ष्यः उदाहरण




<u>योजनाका मुख्य तत्वहरू</u>


**१. वस्तुगत स्थिती २. समस्या/चुनौती ३. अवसर ४. सोच ५. लक्ष्य ६. उद्देश्य ७.रणनीति ८. लगानी खाका ९. प्रमुख कार्यक्रम १०. अपेक्षित उपलब्धि ११. नतिजा सूचक**

## संघ, प्रदेश र स्थानीय तहको योजना प्रणाली :अन्तरसम्बन्ध



# समृद्ध नेपाल, सुखी नेपाली : राष्ट्रिय लक्ष्य






# प्रमुख प्रावधानहरु

# आवधिक योजनाको आधारपत्र र आवधिक योजना

## *आवधिक योजनाको आधारपत्र*


- सामाजिक,आर्थिक,पूर्वाधार लगायतका क्षेत्रको वस्तुस्थितिको विश्लेषण, चुनौति र संभावनाको पहिचान
- आवधिक योजनाको सोच, लक्ष्य, सार्वजनिक, सहकारी, नीजि क्षेत्रवाट हुने लगानीको श्रोत
- लक्ष्य हासिल गर्ने  समष्टी र क्षेत्रगत रणनीति, प्राथमिकता, अपेक्षित उपलव्धि ।

## *आवधिक योजना*

- *आधार पत्रलाई मार्गदर्शक मानेर क्षेत्रगत नीति, प्राथमिकताका चरणवध्द कार्यक्रम, संस्थागत पूर्वाधार, अनुगमन, मूल्यांकन र उपलव्धि सोच समावेस गरिएको आवधिक योजना तर्जुमा ।  नतिजा खाका*

# आधारपत्रको रुपरेखा

| परिच्छेद | मुल विषयवस्तु |
|---|---|
| १. पृष्टभूमि | संवैधानिक दिशानिर्देश, बदलिएको राजनैतिक परिवेश र प्रतिवध्दताहरू, विकासको वृहत सन्दर्भ, प्रदेशको आवधिक योजना तर्जुमाका पक्ष र आधारहरू, आधारपत्र निर्माणको प्रकृया र विधि, आधारपत्र निर्माणको परिवेश र सीमाहरू |
| २. समष्टिगत सोच, लक्ष्य, लगानी र श्रोतको बांडफाँट | आवधिक योजनाको समष्टिगत सोच, लक्ष्य, आर्थिक बृध्दिदर ,लगानी, कुल वजेट, आन्तरिक श्रोत, अनुदान |
| ३. आर्थिक क्षेत्र | कृषि, उधोग, वाणिज्य तथा आपूर्ति,पर्यटन, सहकारी क्षेत्र |
| ४. सामाजिक क्षेत्र | शिक्षा,स्वास्थ्य तथा पोषण, युवा तथा खेलकुद, भाषा, संस्कृति |
| ५.शहरीकरण र पूर्वाधार | शहरीकरण र भौतिक पूर्वाधार विकास, यातायात सञ्जाल, उर्जा, दुरसञ्चार, सिंचाइ, आवास, ,खानेपानी, सरसफाई, र फोहोर मैला व्यवस्थापन |
| ६.वन, वातावरण तथा विपद व्यवस्थापन | वन तथा जैविक विविधता, जलाधार तथा चुरे क्षेत्र, वातावरणीय प्रदुषण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन |
| ७.अन्तरसम्वन्धित विषय | श्रम तथा रोजगार, गरिवी निवारण, लैगिंक समानता, सामाजिक समावेशीकरण, तथ्यांक प्रणाली, योजना प्रक्रिया एवं अनुसन्धान, विज्ञान तथा प्रविधि,सामाजिक सुरक्षा, सुशासन र सूचना तथा सञ्चार |


दिर्घकालिन सोच
स्वस्थ, सुसस्कृत र सुखी जनता;
समाजवाद उन्मुख समृद्‌ध प्रदेश

# समृद्धिको मार्गचित्र (५ वर्ष पछि)

- प्रतिव्यक्ति आय :रु ४ लाख ५ हजार
- गरिवीको रेखामूनि रहेको जनसंख्या : ७ प्रतिशत
- खानेपानी सेवा पुगेको जनसंख्या :१०० प्रतिशत
- औषत आयू : ७५ वर्ष

# समृद्धिको मार्गचित्र (५ वर्ष पछि)

- विधुत सेवा पुगेको जनसंख्या : ९५ प्रतिशत
- सवै स्थानीय तहमा कम्तिमा : १५ शैयाको अस्पताल
- पेट्रोलियममा निर्भर यातायातका साधन विस्थापित (क्रमश
- सवै स्थानीय तहको केन्द्रसम्म पक्की सडक

# प्रमुख आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू

| क्र.सं | सूचक | आ.व. २०७५/७६ को स्थिति | आवधिक योजनाको लक्ष्य आ.व. २०८०/८१ |
|---|---|---|---|
| १ | **वार्षिक औसत वृद्धि दर (%)** | **६.३** | **११.** |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (%) | ०.७ | ५.५ |
| ३ | गैर कृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (%) | ७.४ | ११.७ |
| ४ | मुद्रास्फीति दर | ४.५ | ७.० |
| ५. | **प्रति व्यक्ति गार्हस्थ्य उत्पादन** | **१ लाख ९५ हजार** | **४ लाख ५ हजार** |
| ६ | **गरिबीको रेखा मुनिको जनसंख्या** | **१५.३** | **७.०** |
| ७ | मानव विकास सूचकांक (सन् २०१४) | ०.५५८ | ०.६५० |
| ८ | अपेक्षित आयु (वर्ष,जन्मेको समयमा) | ६९.७ | ७५ |
| ९ | खानेपानी सेवा पुगेको जनसंख्या (%) | ६७ | १०० |
| १० | विद्युत सेवामा पहुँच पुगेको जनसंख्या (%) | ८५.६ | ९५ |
| ११ | सिंचाईयोग्य भूमिमा सिंचाई (%) | ५८ | ६३ |
| १२ | साक्षरता दर | ७४.८५ | ९५ |
| १३ | माध्यमिक तहमा खुद भर्ना दर | ४८.२ | ५२ |

# प्रदेश विकासका मुख्य क्षेत्रगत आधारहरु
## (Key Drivers of Transformation)

१. गुणस्तरीय ग्रामीण तथा शहरी पूर्वाधार (सडक, खानेपानी, बिजुली, बिद्युतीय सञ्चार प्रविधि)

२. कृषिको व्यवसायीकरण, कृषिलाई उद्यमका रूपमा विकास र जैविक कृषिको प्रवर्द्धन र बिस्तार (विशिष्टीकृत कृषि),

३. विशिष्टीकृत सेवा र मानव श्रोतको विकास,

४. उद्योग

५. सम्पदामैत्री गुणस्तरीय पर्यटन।

# विषयगत दीर्घकालीन सोच, रणनीति, कार्यनीति

# उदाहरणका रुपमा कृषि र पर्यटन

# कृषि क्षेत्र

**१.दीर्घकालीन सोच**

खाद्य तथा पोषण सुरक्षासहितको सम्पन्न कृषक

**२.लक्ष्य**

- खाद्य र पोषण सुरक्षा, व्यवसायिक कृषि र लाभप्रद रोजगारीद्वारा किसानको आयस्तर वृद्धि भई समृद्ध
- प्रदेशको निर्माणमा योगदान पुऱ्याउने।

**३.उद्देश्य**

- दिगोपनसहितको कृषि उत्पादनमा बढोत्तरी हासिल गर्ने र प्रतिएकाइ जमिन र प्रतिएकाइ कृषि श्रमिकको उत्पादकत्व बढाउनु,
- खाद्य र पोषण सुरक्षा गर्दै कृषि वस्तुको आयात घटाउने एवम्निर्यात प्रवर्द्धन गर्नु,
- कृषिमा आयमूलक रोजगारीका अवसरहरूको बिस्तार गर्नु,
- विषादी अवशेष रहित एवम् जैविक पोषणयुक्त खाद्यवस्तु सुपथ मूल्यमा उपलब्ध गराउनु र उपभोक्ताहरूको
- खाद्य अधिकार सुनिश्चित गर्नु।

४. **रणनीति/कार्यनीति(५०)**

1.कृषिको विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।(१९)

2.कृषिको यान्त्रिकीकरण, सहजीकरण र बजारीकरणमा सहयोग गर्ने।(११)

3.कृषिको औद्योगिकरण गर्ने।(६)

4.वडालाई कृषि तथा पशुपन्छी सेवा केन्द्रको रूपमा विकास गर्ने।(९)

5.खाद्य स्वच्छता कायम गर्ने।(५)

# पर्यटन क्षेत्र

**१.दीर्घकालीन सोच**

पर्यटन आयमा वृद्धि;रोजगारी र समृद्धि

**२.लक्ष्य**

पर्यटन सेवा र गन्तव्यको विविधीकरणगर्ने।

**३.उद्देश्य**

- ❖ आन्तरिक, बाह्य तथा छिमेकी मुलुकका पर्यटकहरू आकर्षित गर्ने र बसाइ लम्ब्याउनु
- ❖ पर्यटकीय वस्तु तथा सेवाको विकास, बिस्तार र विविधीकरण गर्दै रोजगारी र आयआर्जनको भरपर्दो र दिगो स्रोत बनाउनु।

**रणनीति /कार्यनीतिहरु(२८)**

1. नयाँ पर्यटन गन्तव्यहरूको पहिचान र विकास गर्ने।(१०)
2. उच्च मूल्यको गुणस्तरीय पर्यटनको प्रवर्द्धन गर्ने।(४)
3. पर्यटन क्षेत्रको विकासको लागि स्थानीय तह, निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने।(६)
4. पर्यटक सूचना, यातायात र सेवा प्रवाहलाई गुणस्तरीय र विश्वसनीय वनाउने।(७)

# स्थानीय तहको योजना


## योजना वनाई कार्यान्वयन गर्ने ( दफा २४)

१. गाँउपालिका र नगरपालिकाले आफनो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक विकास योजना वनाई लागू गर्नुपर्ने छ ।

२. योजना वनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासंग अनुकूल हुने गरी वनाउनुपर्ने छ ।

३.योजना वनाउदा देहायका विषयहरुलाई प्राथामिकता दिनुपर्ने छ ।

- आर्थिक विकास तथा गरीवी निवारणमा योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने,
- स्थानीय जनसहभागिता, स्वयमसेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने,
- स्थानीय स्रोत, साधनर सीपको अधिकतम प्रयोग हुने,
- पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैंगिक समानता र सामाजिक समावेशीकरणमा अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक, सांस्कृतिक पक्षको जगेर्ना एवं सामाजिक सदभाव र एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने ।


संघीय सरकारबाट अनुदान, मार्गदर्शन
प्रदेश सरकारबाट अनुदान, मार्गदर्शन
स्थानीय तहका लक्ष्य, विषयक्षेत्रगत नीति, मार्गदर्शन र बजेटसीमा
विषयक्षेत्र तथा वडा तहलाई आयोजना प्रस्तावकालागि निर्देशन तथा बजेटसीमा
वडा तहमा योजना तर्जूमा गोष्ठी
बस्तीहरुमा आयोजनाबारे छलफल गरी वडातहमा पेश
वडा तहबाट गाउँ वा नगर कार्यपालिकामा आयोजना सिफारिस
स्थानीय तहमा रहने विषयगत समितिमा विस्तृत छलफल
एकीकृत गाउँ वा नगर योजना समितिमा छलफल र सिफारिश
स्थानीय कार्यपालिकामा छलफल, गाउँ वा नगर सभामा सिफारिश
गाउँ वा नगर सभामा छलफलपछि आयोजना स्वीकृत
अख्तियारी प्राप्त भएपछि आयोजनाको कार्यान्वयन
आयोजनको अनुगमन, प्रगति समीक्षा, मूल्यांकन
स्थानीय तहको योजना प्रणाली

# स्थानीय तहको विकासको क्षेत्र के हो ?

१. आर्थिक विकास - उत्पादन बृद्धि, गरिवी न्यूनीकरण, कृषि, पशुसेवा, सहकारी, रोजगारी र आय आर्जन,

२. सामाजिक विकास - आधारभूत र माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय भाषा संस्कृतिको संरक्षण र प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण,

३. पूर्वाधार विकास - स्थानीय पूर्वाधार निर्माण, सडक, पुल, सिंचाई, खानेपानी, भवन, साना जलविद्युत तथा वैकल्पिक उर्जा,

४. भू-उपयोग - एकिकृत जग्गा विकास, बस्ती विकास, भूउपयोग योजना र मापदण्ड,

५. विपद व्यवस्थापन, पर्यावरणीय संरक्षण, जलवायू अनुकूलन, फोहरमैला व्यवस्थापन, खानी तथा खनिज पदार्थको संरक्षण,

६. दिगो विकासका लक्ष्यहरु र राष्ट्रिय तथा प्रादेशिक योजनाले लिएका सोंच, लक्ष्य तथा उद्देश्यहरुसँगको तादात्म्यता

७. स्थानीय श्रोत, साधन र सीपको प्रयोग तथा स्थानीय जनसहभागिता अभिवृद्धि,

# स्थानीय तहको आवधिक योजना किन ?

१. स्थानीय विकासका महत्वपूर्ण सवालहरूका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न,
२. विकास कार्यक्रमलाई दीर्घकालिन सोंच र उद्देश्यबाट अभिप्रेरित गर्न,
३. स्थानीय सम्भावनालाई आर्थिक तथा सामाजिक समृद्धिमा रुपान्तरण गर्न,
४. विकासका अवरोधक **(Bottleneck)** को पहिचान, समाधानको किटान र श्रोत साधनको विनियोजनलाई मार्ग निर्देश गर्न,
५. स्थानीय आवश्यकता र प्राथमिकता बीच तालमेल कायम गर्न,
६. विकास प्रकृयामा नेतृत्व, स्वामित्व र सहयोगी भूमिकाबारे स्पष्ट कार्य क्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्न,
७. सेवा सुविधालाई सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय बनाउन ।

# आवधिक योजना निर्माणका आधारहरु (स्थानीय तह)

१. संविधान, कार्यविस्तृतीकरण

२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

३. स्थानीय सरकार सच्चालन ऐन, ०७४

४. १५ औ आवधिक योजना ( संघीय सरकार)

५. पहिलो आवधिक योजना ( प्रदेश सरकार)

६. सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धता

७. योजना ( आवधिक ) तर्जुमा सम्बन्धी कार्यविधि,

८. राजनीतिक प्रतिवद्धता ( चुनावी घोषणापत्र)

९. नीति तथा कार्यक्रम (संघ, प्रदेश र स्थानीय)

# स्थानीय तहसंगको अन्तरसम्वन्ध

**योजना निर्माण तथा कार्यन्वयनमा अन्तर सम्वन्ध**

- योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपभोग र बाँडफाँडका बिषयमा आपसी समन्वय। (प्रदेश समन्वय परिषदको व्यवस्था दफा १०५ )
- प्रदेश सरकारसंगको संयुक्त लगानी वा सार्वनिक नीजि साझेदारीमा कुनै योजना सच्चालन तथा व्यवस्थापन गर्न सक्ने। २४(८)
- प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने छ। २४(९)
- स्थानीय तहलाई वार्षिक योजना तथा वजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुनु अगावै वजेट सिमा, प्राथमिकता, मापदण्ड उपलव्ध गराउनु पर्ने। १०६ (क)
- विषयगत मन्त्रालयका योजनाहरु स्थानीय तहको समन्वयम सच्चालन गर्ने। १०६ (ग)
- यस्ता योजना कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिएमा स्थानीय तहलाई हस्तान्तरण गर्ने। १०६ (घ)

# स्थानीय तहसंगको अन्तरसम्वन्ध……

## वित्तीय अन्तर सम्वन्ध

- वित्तीय समानीकरण अनुदान लगायत विभिन्न अनुदान उपलव्ध गराउनुपर्ने
- एकल कर प्रशासन सम्वन्धि संकलित राजश्वको प्रशासनिक खर्च दुई प्रतिशत कटौती गरी वाँकी रकम जुन तहको राजश्व उठाएको हो सोही तहको संचित कोषमा जम्मा गरी नियमानुसार वाँडफाँड गर्ने

## न्यायिक अन्तरसम्वन्ध

- प्रदेश, गाउँपालिका, नगरपालिकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेशसभाले सम्वन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्ने

# स्थानीय तहसंगको अन्तरसम्वन्ध......

**सेवा प्रवाहमा अन्तरसम्वन्ध**

- स्थानीय सरकारबाट सम्पादन हुने कार्यक्रम तथा प्रवाह गरिने सेवा सम्बन्धमा मापदण्ड, गुणस्तर निर्धारण गरी पठाउने,

**कर्मचारी व्यवस्थापन र क्षमता विकासमा अन्तरसम्वन्ध**

- प्रदेश लोकसेवा आयोग मार्फत कर्मचारीको व्वस्थापन
- स्थानीय तहको सशक्तीकरणमा आवश्यक सहयोग गर्ने । १०६ (छ)

**कानूनी अन्तरसम्वन्ध**

- स्थानीय तहको एकल अधिकारको कानून वनाउने ढाँचा प्रदेश कानून वमोजिम ( धारा २२६)
- सभाको सच्चालन, वैठकको कार्यविधी, पदाधिकारीहरुको सेवा सुविधा, आदि प्रदेश कानून वमोजिम ( धारा २२७)

**जवाफ देहिता**

- एकल तथा साझा अधिकारभित्रका विषयमा कानून निर्माण लगायतका विषयमा
- योजना तथा वजेट निर्माण तथा कार्यान्वयन लगायतका क्षेत्रमा कानूनले दिएको सिमाभित्र रही

# No blame game




काम गरेको ?
परिणाम
देखाएको खै ?
संघ
साधन, श्रोत,
कर्मचारी, कानून खै
?
प्रदेश/स्थानीय


कानून वनाएकै / पुर्नविचार गरेको छ। हस्तक्षेप कहाँ गरेको छ ? प्रदेश संचित कोषमा राजश्व दाखिला गरेको खै ?
हाम्रो सेवा सुविधा लगायतका कानून वनाएको / पुर्नविचार गरेको खै ? कार्यक्षेत्रमा हस्तक्षेप किन ?
प्रदेश
स्थानीय

## हाम्रो संघीयता एक अर्कोलाई दोष दिने गरी वनाईएको/ल्याईएको हैन





संविधानले आपसी सहमति, सहकार्य र समन्वय गरी संघीयतालाई मजवुत पार्ने भूमिका तीन तहका सरकारलाई दिएको छ ।

# मुलुकको समृद्धिको डुङ्गा




दुरदृष्टी






धन्यवाद !